# धुनिबेशी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प.सं. २०८२/०८३
च.नं.:

सूचना नं. 4/SQ/DM/2082/083

## फार्मेसी संचालन सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः- २०८२/०५/१०

धुनिबेशी न.पा वडा नं. ७ स्थित साबिक नौविसे स्वास्थ्य चौकी रहेको स्थानमा निर्मित प्रस्तावित धुनिबेशी नगर अस्पताल परिसरमा फार्मेसी संचालन गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म व्यवसायीले औषधि व्यवस्था विभागमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र, नविकरण प्रमाण पत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र वा मु.अ.कर दर्ता प्रमाणपत्र सहित नेपाल सरकार, औषधि व्यवस्था विभागबाट अनुमति प्राप्त क,ख र ग वर्गका औषधिहरु मात्र विक्री वितरण गर्न पाउने गरी फर्मेसी कोठाको भाडा मासिक रुपमा रु.५०००।— (कर बाहेक) नगरपालिकालाई बुझाई विक्रि वितरण हुने औषधीमा कम्तिमा १० प्रतिशतले हुने रकम अनिवार्य रुपमा छुट दिई छुट दिइने रकममा प्रतिस्पर्धा हुने गरी वढीवढाउ माध्यमबाट फार्मेसी संचालनका लागि ठेक्का बन्दोवस्त गर्न दरभाउपत्र आह्वान गरिएको छ । दरभाउपत्र जुगेडी स्थित नगरपालिका कार्यालयवाट तोकिएको दस्तुर रु.१००० राजश्व शाखा वा राष्ट्रिय बाणीज्य बैंक खानीखोला शाखामा यस नगरपालिकाको नाममा रहेको खाता नं. १०८०१००३०१०१०००३ मा तिरी मिति २०८२ भाद्र २५ गते कार्यालय समयभित्र खरिद गर्नुपर्नेछ । दरभाउपत्रदाताले रु. ५०,०००।०० वरावरको धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, खानिखोला शाखामा रहेको खाता नं. १०८०१००३०३००००३ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त क श्रेणीको कुनै वाणिज्य बैंकको दरभाउपत्र खोल्ने दिनपछि कम्तीमा ७५ (पचहत्तर) दिन मान्य अवधि भएको यस कार्यालयको नाममा जारी बैंक ग्यारेण्टी सहित शिलवन्दी दरभाउपत्र पेश गर्न सकिनेछ । शिलवन्दी खाम वाहिर कुन ठेक्काको लागि पेश गरेको हो, कुन कम्पनीवाट पेश हुने हो कम्पनीको छाप र आधिकारिक हस्ताक्षर सहित मिति २०८२ भाद्र २६ गते दिनको १२:०० बजे भित्र राजश्व शाखामा जम्मा गरेको नगदी रसिद, तोकिएको अन्य कागजपत्रहरु सहित शिलवन्दी लाहाछाप लगाई दर्ता गरि सक्नुपर्नेछ। रितपुर्वक पेश भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे नगरपालिका भवनमा खोलिनेछ। योग्यता पुगेका ईच्छुक फर्म वा कम्पनीले तोकिएका शर्तहरुको अधिनमा रही तोकिएको मिति र समयभित्र रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीका लागीः- धुनिवेशी नगरपालिका स्वास्थ्य शाखा,

हेमन्त प्रसाद सुवेदी, (९८४१३३२६४३)

# धुनिवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धादिङ

धुनिवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जुगेडी, धादिङ बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## धुनिवेशी नगरपालिकाको वडा नं. ७ मा रहेको प्रस्तावित अस्पतालमा फार्मेसी संचालनको लागि प्रस्ताव फारम

## आ.व. २०८२।०८३

वोलपत्र फाराम मूल्य रु. १०००/-

प्रस्ताव पत्र खरिद अवधिः- २०८२/०५/२५ गते दिनको ५:०० बजेभित्र

प्रस्ताव पत्र दर्ता अवधिः २०८२/०५/२६ गते दिनको १२:०० बजेसम्म

प्रस्ताव पत्र खोल्ने मितिः २०८२/०५/२६ गते दिनको २:०० बजे

प्रस्ताव दाताको विवरण

फर्मको नामः...............................................

पत्राचार ठेगानाः...............................................

सम्पर्क फोन नं.:...............................................

# धुनिवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### धादिङ

| | | | | |
|---|---|---|---|---|
| १. प्रस्ताव पेश गर्ने कार्यालयः धुनिवेशी नगरपालिका नगरकार्यपालिकाको कार्यालय,धादिङ | | | | |
| २. ठेक्का नं.: 4/SQ/DM/2082/083 | | | | |
| ३. कामको विवरणः धुनिवेशी नगरपालिकाको वडा नं. ७ मा रहेको प्रस्तावित धुनिवेशी नगर अस्पतालमा फार्मेसी संचालन | | | | |
| ४. कवोल अंक (अंक र अक्षर दुवैमा प्रष्ट रुपमा उल्लेख गर्नुपर्ने) | | | | |
| फार्मेसीबाट विक्रिवितरण हुने औषधीमा अनिवार्य रुपमा दिनुपर्ने MRP अनुसारको छूट रकम | | प्रस्तावदाताले बढाबढमा छूट दिने गरी प्रस्ताव गर्ने अंक प्रतिशतमा | | |
| अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | धरौटी रकम |
| १०% अनिवार्य | दश प्रतिशत अनिवार्य | | | रु. ५००००(अक्षरुपी पचास हजार मात्र) |

धुनिवेशी नगरपालिका कार्यालय,धादिङबाट प्रकाशित सूचना बमोजिम यस वोलपत्र फारममा रहेको शर्तहरुको अधिनमा रही उपरोक्त बमोजिमको कार्यका लागि यो वोलपत्र पेश गरेका छु।

# धुनिवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धादिङ

सूचना नं. 4/SQ/DM/2082/083

## फार्मेसी पसल संचालन सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः- २०८२/०५/१०

प्रमुख प्रशासकीय अधिकृत

धुनिवेशी न.पा वडा नं. ७ स्थित साविक नौविसे स्वास्थ्य चौकी रहेको स्थानमा निर्मित प्रस्तावित धुनिवेशी नगर अस्पताल परिसरमा फार्मेसी संचालन गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म व्यवसायीले औषधि व्यवस्था विभागमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र, नविकरण प्रमाण पत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र वा मु.अ.कर दर्ता प्रमाणपत्र सहित नेपाल सरकार, औषधि व्यवस्था विभागबाट अनुमति प्राप्त क,ख र ग वर्गका औषधिहरु मात्र विक्री वितरण गर्न पाउने गरी फर्मेसी कोठाको भाडा मासिक रुपमा रु.५०००।- (कर बाहेक) नगरपालिकालाई बुझाई विक्रि वितरण हुने औषधीमा कम्तिमा १० प्रतिशतले हुने रकम अनिवार्य रुपमा छुट दिई छुट दिइने रकममा प्रतिस्पर्धा हुने गरी वढीवढाउ माध्यमबाट फार्मेसी संचालनका लागि ठेक्का बन्दोवस्त गर्न दरभाउपत्र आह्वान गरिएको छ । दरभाउपत्र जुगेडी स्थित नगरपालिका कार्यालयवाट तोकिएको दस्तुर रु.१००० राजश्व शाखा वा राष्ट्रिय बाणीज्य बैंक खानीखोला शाखामा यस नगरपालिकाको नाममा रहेको खाता नं. १०८०१००३०१०१०००३ मा तिरी मिति २०८२ भाद्र २५ गते कार्यालय समयभित्र खरिद गर्नुपर्नेछ । दरभाउपत्रदाताले रु. ५०,०००।०० बरावरको धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, खानिखोला शाखामा रहेको खाता नं. १०८०१००३०३००००००३ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त क श्रेणीको कुनै वाणिज्य बैंकको दरभाउपत्र खोल्ने दिनपछि कम्तीमा ७५ (पचहत्तर) दिन मान्य अवधि भएको यस कार्यालयको नाममा जारी बैंक ग्यारेण्टी सहित शिलवन्दी दरभाउपत्र पेश गर्न सकिनेछ । शिलवन्दी खाम वाहिर कुन ठेक्काको लागि पेश गरेको हो, कुन कम्पनीवाट पेश हुने हो कम्पनीको छाप र आधिकारिक हस्ताक्षर सहित

मिति २०८२ भाद्र २६ गते दिनको १२:०० बजे भित्र राजश्व शाखामा जम्मा गरेको नगदी रसिद, तोकिएको अन्य कागजपत्रहरु सहित शिलवन्दी लाहाछाप लगाई दर्ता गरि सक्नुपर्नेछ। रितपुर्वक पेश भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे नगरपालिका भवनमा खोलिनेछ। योग्यता पुगेका ईच्छुक फर्म वा कम्पनीले तोकिएका शर्तहरुको अधिनमा रही तोकिएको मिति र समयभित्र रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीका लागीः- धुनिवेशी नगरपालिका स्वास्थ्य शाखा,

हेमन्त प्रसाद सुवेदी, (९८४१३३२६४३)

| ठेक्का नं. | भाडा रकम मासिक | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|
| 4/SQ/DM/2080/081 | रु. ५००० | रु. १०००/- | रु.५०००० |

**शर्तहरु :**

१. दरभाउपत्र फारमको सबै पानामा फर्मको छाप नभएका दरभाउपत्रहरु स्वीकार गरिनेछैन। औषधी विक्रि गर्दा छुट दिन सकिने भनी प्रस्ताव गरेको रकम प्रतिशतमा (अंक र अक्षर दुवै) प्रष्ट खुलाउनुपर्नेछ ।

२. दरभाउपत्र साथ औषधि व्यवस्था विभागमा दर्ता भई नविकरण भएको फर्म दर्ताको प्रमाणपत्र,स्थायी लेखा प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, व्यवसायी वा कम्तीमा डिप्लोमा फार्मेसी प्रमाणपत्र।

३. कार्यालय हाताभित्र रहेको फार्मेसीमा धुम्रपान, मध्यपान तथा अन्य प्रतिवन्धित औषधि प्रयोग तथा वेचविखन गर्न पाईने छैन र यस्तो गरे वा गराइएको पाइएमा नियमानुसार कारवाही हुनेछ ।

४. नेपाल सरकार औषधि व्यवस्था विभागबाट अनुमति प्राप्त क,ख र ग वर्गका औषधिहरु मात्र विक्री वितरण गर्न पाईनेछ।

५. अस्पतालको प्रेस्किप्सन विना आफूखुसी औषधि विक्री वितरण गर्न पाईने छैन। गरेको पाइएमा प्रचलित कानून वमोजिम सजायको भागीदार स्वयम फार्मेसी संचालक हुनु पर्नेछ।

६. फार्मेसी पसल २४ सै घण्टा संचालनमा रहनुपर्ने छ ।

७. फार्मेसी पसलको सरसफाई र त्याहाबाट निस्कने दैनिक फोहोरहरुको व्यवस्थापन स्वयम् स्वीकृत दरभाउपत्रदाताले नै गर्नुपर्नेछ, सो सम्वन्धमा कार्यालयवाट वेला बेलामा निरीक्षण तथा निर्देशन गर्नेछ र त्यस्तो निरीक्षण गर्दा दिईएको निर्देशन बमोजिम सरसफाई कार्य अगाढी बढाउनु पर्नेछ ।

८. नेपाल सरकारले निशुल्क उपलव्ध गराउनु पर्ने भनी तोकिएको औषधिहरु फार्मेसीले निशुल्क उपलव्ध गराउनु पर्नेछ।

९. फार्मेसी कोठाको भाडा रकम मासिक रुपमा ५०००।- (कर बाहेक) नगरपालिकालाई भुक्तानी गरी कर रकम समेत सम्बन्धित फर्मले दाखिला गर्नुपर्नेछ । फार्मेसीबाट विक्रि वितरण हुने औषधीमा MRP अनुसार छुट दिने भनी कबोल गरेको रकम अनिवार्य रुपमा विनाभेदभाव सबै क्रेताहरुलाई अनिवार्य रुपमा छुट दिनुपर्नेछ ।

१०. कार्यालयले उपलब्ध गराएको विद्युत प्रयोग गरे बापत मिटरमा उठेको यूनिटको आधारमा विद्युत महशुल वापत हुन आउने रकम प्रत्येक महिनाको अन्तमा नियमानुसार कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

११. स्वीकृत दरभाउपत्रदाताले ३(तिन) वर्षसम्म सम्झौताका शर्तनामाहरुको अधिनमा रहेर फार्मेसी संचालन गर्नुपर्नेछ ।

१२. स्वीकृत दरभाउपत्रदाताले फार्मेसी संचालनको लागि आवश्यक पर्ने जनशक्ति, श्रोत साधन तथा अनुभव समेत खुल्ने आवश्यक कागजात सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

१३. फार्मेसी संचालन गर्न आबश्यक सम्पूर्ण फर्निचर, विधुतीय सामाग्रीहरू र अन्य आवश्यक सामाग्रीहरु आफैले ब्यबस्था गर्नु पर्नेछ ।

१४. शर्त राख्न नपाईने दरभाउपत्रदाताले कुनै पनि शर्त उल्लेख गरि दरभाउपत्र पेश गरेमा त्यस प्रकारको शर्त मान्न कार्यालय वाध्य हुने छैन ।

१५. सम्झौता गर्नुपर्ने : दरभाउपत्र स्वीकृत भएपछि नगरपालिकामा व्यवसाय दर्ता गर्नुका साथै दुवै पक्षविच सम्झौता गर्नुपर्नेछ। सम्झौताका शर्तनामा बमोजिम दरभाउपत्रदाताले सम्वन्धित कार्य गर्नु पर्नेछ । अन्यथा नियमानुसार कारवाही गरिनेछ ।

१६. हर्जना असुल उपर तथा कारवाही: छनौट भएको दरभाउपत्रले सम्झौता नगरेमा वा सम्झौता बमोजिमको कार्य नगरेमा उक्त सम्झौता रद्द गर्ने, धरौटी जफत गर्ने, कालोसूचीमा राख्न सम्बन्धित निकायमा लेखी पठाउने, सूचना र सम्झौताको बर्खिलाफ गरी कार्यालयको सेवा संचालनमा वाधा पुर्‍याए वापत मनासिव हर्जना असुल उपर

प्रमुख प्रशासकीय अधिकृत

गर्ने, कारवाही गर्ने लगायत कुनै एक वा सबै किसिमका कारवाही गरी दरभाउपत्र स्वीकृतिको क्रममा रहेको दोस्रो दरभाउपत्रदाता संग सम्झौता गरी फार्मेसी संचालन व्यवस्था गर्न सकिनेछ ।

१७. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने अथवा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा नै निहित रहनेछ ।

१८. दरभाउपत्र पेश गर्दा सम्वन्धित कागजातमा अख्तियार प्राप्त अधिकारीको आधिकारिक व्यक्तिको हस्ताक्षर र प्रस्ताव पेश गर्ने निवेदन अनिवार्य रुपमा पेश गर्नपर्नेछ ।

१९. स्वीकृत दरभाउपत्रदाताले प्रत्येक आ.व. को कुलभाडा रकमलाई चार किस्तामा विभाजन गरी तोकेको समयमा बुझाउनुपर्नेछ । आ.व २०८२/०८३ को लागि तोकिएको भाडा रकम चार किस्तामा विभाजन गरि पहिलो किस्ता सम्झौता अगाडि र अन्य किस्ताको रकम किस्ताको समय सुरु हुनु भन्दा ७ (सात) दिन अगावै कार्यालयको खातामा दाखिला गर्नुपर्नेछ र सोको सक्कल भौचर कार्यालयमा पेश गर्नुपर्नेछ अन्यथा सम्झौताको बर्खिलाफ मानी आवश्यक कारबाही गर्न सक्नेछ । साथै यस ठेक्का प्रयोजनको लागि भुक्तानी रकम कायम गर्दा सम्झौता भएको मिति देखि दैनिक दामासाहिले कायम हुन आउने रकमलाई नै किस्तामा गणना गरिनेछ । कर रकम सम्बन्धित फर्मले नै दाखिला गर्नुपर्नेछ ।

२०. यस सम्वन्धी अन्य व्यवस्था संघीय, प्रदेश र नगरपालिकाको ऐन, नीति एवं निर्देशिका, मापदण्डहरु र सम्झौता बमोजिम आपसी समझदारीमा हुनेछ । थप जानकारी नगरपालिकाको वेवसाईट www.dhunibeshimun.gov.np मा हेर्न सकिनेछ ।